# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौँ

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं. ०१।०७७।७८**

**प्रथमपटक प्रकाशित मिति : २०७७।०६।३० गते**

यस संस्थानको प्रदेशस्तरीय कार्यालयहरू विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत र धनगढीलाई सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको स्पेसिफिकेशन बमोजिम मोटरसाइल आवश्यक परेकोले सो सामान डोर डेलिभरी मूल्यमा सप्लाई गर्न चाहने इच्छुक रजिस्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र पेस गर्नका लागि संस्थानबाट बिक्री हुने दरभाउपत्र फाराम रु.१,०००।- (एक हजार फिर्ता नहुने गरी) तिरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेख भएको रकम (बिड सेक्युरिटी) बापत यस संस्थानको नेपाल बैंक लिमिटेड धर्मपथ, काठमाडौँ अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००१ मा नगद जम्मा गरी सोको सक्कल भौचर वा संस्थानको नाममा जम्मा गरेको १०५ दिन बराबरको "क" श्रेणीको बैंकको जमानतपत्र पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र मिति २०७७।०७।२० गते दिनको १२:०० बजेभित्र सिलबन्दी गरी खामको बाहिर मोटरसाइकल सम्बन्धी सिलबन्दी दरभाउपत्र भनी श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ उल्लेख गरी यस संस्थानमा दर्ता गरी बुझाउनु पर्नेछ । दरभाउपत्र बुझाउने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सो कार्य त्यसको भोलिपल्ट हुनेछ ।

४. इजाजत प्राप्त सप्लायर्स र फर्महरूले आफूले सामान आपूर्ति गर्ने कम्पनीको नाम र ब्राण्डसमेत उल्लेख गर्नुपर्नेछ ।

५. दरभाउपत्रमा कबोल गरेको रकम (भ्याटबाहेक) भनी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. **दरभाउपत्रदाताले दरभाउपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, आयकर, मूल्य अभिवृद्धि कर नवीकरणसमेत भएको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनु पर्नेछ । साथै आ.व.०७५/०७६ सम्मको कर चुक्ताको प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ ।**

७. प्राप्त दरभाउपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०७७।०७।२० गते दिउँसो १:०० बजे संस्थानको बैठक कक्षमा दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ । उपस्थित प्रतिनिधि अख्तियारनामा सहित उपस्थित हुनुपर्नेछ ।

८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि दरभाउपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि दरभाउपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ ।

९. स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ । उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ । सम्झौता भएको एक महिनाभित्र सामान आपूर्ति गरिसक्नुपर्नेछ ।

१०. दरभाउपत्र स्वीकृत भई दरभाउपत्रदाताले दिएको सामान संस्थानले माग गरेको स्पेसिफिकेशन अनुसारको नभएमा सो सामान संस्थानले दरभाउपत्रदातालाई फिर्ता गर्न सक्नेछ ।

११. स्वीकृत दरभाउपत्रदाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सामान नबुझाएमा संस्थानले सम्झौता भङ्ग गरी धरौटी रकम जफत गर्नेछ । यसरी सामान उपलब्ध गर्दा सम्झौता गरिएको भन्दा जे जति बढी पर्दछ सो बढी रकम दरभाउपत्रदातासँग असुल उपर गरिनेछ ।

१२. दरभाउपत्रदाताले यस संस्थानबाट बिक्री गरेको दरभाउपत्र फाराममा मूल्य सूचि, बोलपत्र जमानत, कार्य सम्पन्न आपूर्ति समय तालिका प्रष्टसँग उल्लेख गर्नु पर्नेछ ।

१३. **दरभाउपत्रदाताले आफू कालो सूचिमा नपरेको स्वः घोषित घोषणापत्र पेश गर्नु पर्नेछ ।**

१४. यस सूचनामा नपरेका अन्य विषय नेपाल सरकारको प्रचलित ऐन नियमबमोजिम हुनेछ ।

### सिलबन्दी दरभाउपत्रको विवरण

| सि.नं. | सामानको विवरण | परिमाण | पेस गर्नुपर्ने बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | ७ थान | रु.४६,०००।- (छयालीस हजार मात्र) | रु. १,०००।-(एक हजार मात्र) |

**नोट** : यो सूचना गोरखापत्र संस्थानको वेबसाइट www.gorkhapatra.org.np मा पनि हेर्न सकिनेछ ।

**गोरखापत्र संस्थान**
**खरिद शाखा**
**फोन नं.४२४४४३७**